दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २१७ | बुटवल | २०८२ साउन १७ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday August 02, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# रूकुमपूर्वको सदरमुकाम रुकुमकोट तोक्ने निर्णयविरुद्ध सर्वोच्चमा पुनः रिट



**लुम्बिनी संवाददाता**
*बुटवल*

रूकुमपूर्वको सदरमुकाम रूकुमकोट तोक्ने निर्णयविरुद्ध सर्वोच्च अदालतमा पुनः रिट दायर भएको छ।

गत साउन ७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले रुकुमपूर्वको सदरमुकाम सिस्ने गाउँपालिका-५ र ६ स्थित रुकुमकोटमा तोक्ने निर्णय गरेको थियो।

यो निर्णयविरुद्ध रुकुमपूर्वका प्रमुख दलका स्थानीय, प्रदेश र संघका जनप्रतिनिधिहरुले नै सर्वोच्चमा रिट दायर गरेका हुन्।

नेपाली कांग्रेसबाट निर्वाचित प्रतिनिधिसभा सदस्य कुसुमदेवी थापा, माओवादीबाट निर्वाचित लुम्बिनी प्रदेशसभा सदस्य सुरुल पुनमगर र दिलकुमारी बुढामगर, पुथा उत्तरगंगा गाउँपालिकाका अध्यक्ष पुनिराज घर्तीमगर र भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले र नेकपा एमालेबाट निर्वाचित प्रदेशसभा सदस्य सरिता पुनमगरले सरकारको निर्णयविरुद्ध रिट दर्ता गरेका हुन्। यसअघि गत सोमबार सर्वोच्च अदालतले सरकारले रुकुमकोटलाई सदरमुकाम तोक्नुको कारण देखाउन सरकारलाई आदेश दिएको थियो।

२०८० साल भदौ २७ गते सर्वोच्चको संवैधानिक इजलासले सदरमुकाम तोक्दा विभिन्न मापदण्डको अध्ययन गरी निर्णय गर्न भनेको थियो। तर सरकारले कुनै अध्ययन नगरी जिल्लावासी बहुसांख्यिक नागरिकको भावना विपरीत निर्णय गरेको भन्दै रिट दर्ता गरिएको माओवादी प्रदेश सांसद सरुल पुनमगरले बताए।

सरकारले स्थानीय नागरिक, राजनीतिक दल र सरोकारवाला पक्षसँग खुला छलफल नगरी छलछामपूर्वक जबर्जस्ती निर्णय गरेका कारण न्यायको लडाइँ लड्न वाध्य भएको पुनले बताए। माओवादीबाट निर्वाचित प्रदेश सांसद दिलकुमारी बुढामगरले जनप्रतिनिधिको अपमान गरेर सरकारले गरेको निर्णयविरुद्ध तीनै पार्टीका जनप्रतिनिधिहरु अघि बढेको बताइन्।

'यो सरकारसँगको लडाइँ हो। स्थानीयप्रति हाम्रो कुनै समस्या छैन। एमाले कांग्रेस माओवादी सबै सांसदले स्थानीयको अपमानविरुद्ध उत्रेका हौं, सरकारले दम्भ देखायो, सर्वोच्चले नै स्थानीयको भावना बुझेर निर्णय लिने भनेको थियो।'- उनले भनिन्।

सदरमुकाम तोक्ने विषयमा विवाद चर्किएपछि सर्वोच्चले मापदण्ड बनाएर निर्णय लिन निर्देशन दिएको थियो। संघीयता लागू भएपछि रुकुम र नवलपरासी जिल्ला दुई भागमा विभाजन भई साविकको ७५ बाट ७७ जिल्ला भएको थियो।

**यस्तो छ इतिहास र विगतको विवाद**

वि.सं. २०१८ सालमा नेपालमा रहेका ३६ जिल्लालाई बढाएर ७५ वटा बनाएपछि तत्कालीन जाजरकोट र सल्यान जिल्लाको केही भू-भाग मिलाएर रुकुम जिल्ला कायम भएको थियो।

त्यसपछि २०१९ सालदेखि २०२९ चैतसम्म जिल्ला सदरमुकाम रुकुमकोट नै थियो। २०३० बैशाखमा यहाँबाट जिल्ला सदरमुकाम हालको रुकुम पश्चिमको सदरमुकाम रहेको मसिकोटमा सारेको इतिहास छ।

यसपछि २०७२ असोज ३ गते जारी भएको नयाँ संविधानले रुकुम पूर्व भाग छुट्टै जिल्लाका रुपमा रहने व्यवस्था गऱ्यो। यसको १६ दिनपछि असोज १९ तत्कालीन गृहमन्त्री जनार्दन शर्माले रुकुमकोटमा जिल्ला समन्वय समिति, जिल्ला प्रशासन, जिल्ला प्रहरी र अनुसन्धानको कार्यालय उद्घाटन गरेका थिए। त्यो बेला 'झण्डै ४४ वर्षपछि जिल्ला सदरमुकाम फर्किएको' भनेर स्थानीयमा खुसी समेत छाएको थियो।

तर २०७४ कै माघ १५ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा काम चलाउ प्रधानमन्त्री भएको अवस्थामा उनको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले 'जिल्ला सदरमुकाम रुकुमकोटको सट्टा पुथाउत्तरगंगा गाउँपालिका वडा नं. १२ 'गोलखाडा' मा हुने निर्णय गरिदियो। सरकारको त्यस निर्णयमा विशेषगरी रुकुमकोट र आसपासका जनताले विरोध गरे। साथै अभिवक्ता गणेश हमाल, स्थानीयहरु कृष्ण रेग्मी (हाल सिस्ने गाउँपालिका अध्यक्ष) र दत्तबहादुर बस्नेतले २०७४ माघ १७ गते सरकारलाई विपक्षी बनाइ उक्त निर्णयका विरुद्धमा सर्वोच्च अदालतमा रिट दायर गरे।

सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्दै 'सदरमुकाम सार्ने सरकारको निर्णय तत्काल कार्यन्वयन नगर्न' भन्यो। यसपछि सदरमुकामका सन्दर्भमा विवाद बढ्दै गयो। सरकारको निर्णय कार्यन्वयन गर्न र सरमुकाम सार्न भन्दै गोलखाडा पक्षधरले चरणबद्ध आन्दोलन गरे भने रुकुमकोटका पक्षमा पनि विभिन्न प्रदर्शनहरु गरिए। गोलखाडा र आसपासबाट सदरमुकामको पक्षमा सर्वसाधारण रुकुमकोटतर्फ आएपछि स्थानीय प्रशासनले कर्फ्यु समेत लगाएर स्थिति नियन्त्रणमा लिन बाध्य भएको थियो।

सदरमुकामको विवाद र सर्वोच्च अदालतमा परेको रिट उपर २०८० भदौ १७ गते तत्कालीन प्रधानान्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसहितको संवैधानिक इजलासले 'यसअघि गरेको सरकारको निर्णय उत्प्रेषणको आदेशबाट बदर भएको' भनेर सरकारका नाममा परमादेश जारी गऱ्यो। उक्त आदेशमा 'पर्याप्त आधार र मापदण्डलाई टेकेर पुनः सरकारले सदरमुकाम तोक्नुपर्ने र सदरमुकाम तोक्दा मापदण्ड बनाएर सदरमुकाम सार्ने वा तोक्ने गर्नु' भनियो।

यसपछि जिल्ला सदरमुकाम रुकुमकोट कि गोलखाडा भन्ने विषय त लगभग सकियो, तर सदरमुकामको विषयमा रुकुमकोटको विकल्पबारे सोंच्ने ठाउँ भने कायम नै रह्यो। यसकारण मुख्यतः पुथाउत्तरगंगा र आसपासका नागरिकहरुले रुकुमकोटको विकल्प खोजिनुपर्ने धारणा विभिन्न माध्यमबाट व्यक्त गरिरहे। यस क्रममा रुकुमकोटमा निर्माण थालिएको एकिकृत सरकारी भवनका विषयमा गत वर्ष सर्वोच्च अदालतमा रिट परेपछि अदालतले जिल्ला सदरमुकामको अन्तिम टुंगो नलागेसम्म भवन निर्माण कार्य रोक्न आदेश जारी गऱ्यो। र जिल्ला सदरमुकाममा हुनुपर्ने विभिन्न सरकारी संरचनाको विकासमा समेत सदरमुकाम विवादको विषयले प्रत्यक्ष असर गऱ्यो।

सर्वोच्च अदालतको संवैधानिक इजलासले 'पर्याप्त आधार र मापदण्डलाई टेकेर पुनः सरकारले सदरमुकाम तोक्नुपर्ने र सदरमुकाम तोक्दा मापदण्ड बनाएर सदरमुकाम सार्ने वा तोक्ने गर्नु' भनेर गरेको आदेशका आधारमा आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेर गत साउन ७ गते जिल्ला सदरमुकाम पुनः रुकुमकोट तोक्ने निर्णय भएको थियो। तर अहिले आएर पुनः यो विषय सर्वोच्चमा पुगेपछि फेरि पनि विवाद र आन्दोलन चर्किन सक्ने जोखिम देखिन्छ।

मार्गदर्शनमा रकम हिनामिना प्रकरण:

## अध्यक्षसँगै सञ्चालक सदस्य पक्राउ

भैरहवा। रुपन्देहीको सिद्धार्थनगर ५ मा रहेको मार्गदर्शन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष पक्राउ परेसँगै सञ्चालक सदस्यलाई समेत पक्राउ गरिएको छ।

मार्गदर्शन सहकारीका शेयरधनी तथा बचतकर्ताको रकम हिनामिना तथा अपचलन गरेको कसुरमा जिल्ला चितवन राप्ती नगरपालिका वडा नं.२ गडौली स्थायी वतन भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ३२ कोटेश्वर बस्ने रामहरि सिलवाललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी नायव उपरीक्षक (डीएसपी) गणेश सापकोटाले जानकारी दिए।

सिद्धार्थनगर नगरपालिका वडा नम्बर ५ मैत्रीपथमा रहेको सहकारीमा शेयरधनी तथा बचतकर्ताको ५ करोड ९० लाख ८४ हजार १ सय ६५ रुपैयाँ हिनामिना गरी फरार रहेका थिए।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट सहकारी ठगी तथा ठगीसम्बन्धी कसूर मुद्दामा मुद्दा दर्ता गरी सम्मानित रुपन्देही जिल्ला अदालतबाट पक्राउ अनुमति प्राप्त गरी मिति २०८२/०४/१५ गतेका दिन काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकु, काठमाडौंको सहकार्यमा उनलाई पक्राउ गरी रुपन्देही जिल्ला अदालतमा पेश गरिएको डीएसपी सापकोटाले जानकारी दिए। म्याद थप गरी सिलवालमाथि थप अनुसन्धान भइरहेको छ।

सोही सहकारीको अध्यक्षविरुद्ध पनि जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा गत बैशाख २० गते सहकारी ठगीसम्बन्धी कसुरमा मुद्दा दर्ता भइ अनुसन्धान भइरहेकोमा प्रहरीले साउन १४ गते प्रहरी वृत्त ठिमी भक्तपुरको सहकार्यमा भक्तपुरको मध्यपुर ठिमी नगरपालिका-३ गठ्ठाघरबाट पक्राउ गरी रुपन्देही ल्याइएसकेको छ।

## लाइसेन्सको म्याद अब १० वर्ष



बुटवल। सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को बहाल अवधि १० वर्ष पुगेको छ। सरकारले केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक राजपत्रमा प्रकाशित गरेको छ।

जसअनुसार सवारी तथा यातायात व्यवस्था ऐन २०४९ मा रहेको लाइसेन्स अवधि ५ वर्षबाट बढाएर १० वर्ष कायम गरिएको हो। ऐनको दफा ५४ को उपदफा ३ मा लाइसेन्स बहाल हुने अवधिबारे उल्लेख छ।

संशोधित व्यवस्थाअनुसार यस्तो अवधि अब १० वर्ष बहाल हुने भएको छ। लाइसेन्स नवीकरणबाट मान्य हुने अवधि समेत अब १० वर्ष पुऱ्याइएको छ।

यसअघि नवीकरण हुँदा मान्य हुने अवधि ५ वर्ष थियो। नयाँ व्यवस्था अनुसार सवारी जाँचपास तथा प्रदूषण परीक्षण केन्द्रमा निजी क्षेत्रलाई समेत अनुमति दिने बेहोरा उल्लेख छ।

## सेयर कारोबार खातामा राष्ट्रिय परिचयपत्र अनिवार्य



बुटवल। सेयर कारोबारका लागि ब्रोकर कम्पनीमार्फत् खोलिने खाताका लागि अब राष्ट्रिय परिचय पत्र चाहिने भएको छ।

नेपाल धितोपत्र बोर्डले ग्राहक पहिचान (केवाइसी)लाई राष्ट्रिय परिचय पत्रसँग आबद्ध गर्न निर्देशन दिएको छ। सोही निर्देशन बमोजिम नेपाल स्टक एक्स्चेन्जले सम्पूर्ण कारोबार सदस्यमार्फत् नयाँ कारोबार खाता खोल्दा राष्ट्रिय परिचय पत्र वा परिचयपत्र नम्बर लिने व्यवस्था गर्न अनुरोध गरेको छ।

ग्राहकले राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा केवाइसी विवरण भर्नुपर्ने छ। हालसम्म नागरिकता तथा नागरिकता नम्बरका आधारमा केवाइसी फारम भरिँदै आएको छ।

साथै यसअघि नै कारोबार खाता खोली कारोबार व्यवस्थापन प्रणाली (टीएमएस) प्रयोग गरिरहेकालाई पनि राष्ट्रिय परिचय पत्र नम्बर उपलब्ध गराउनेगरी काम गर्न नेप्सेले आग्रह गरेको छ। हाल बैंक तथा वित्तीय संस्थाहरुले समेत नयाँ खाता खोल्नेलाई राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेका छन्।

नेकपा एसमा किचलो :

## झलनाथलाई पार्टी छाड्न माधवको चुनौती





**लुम्बिनी संवाददाता**
*बुटवल*

नेकपा एमालेबाट फुटेर बनेको नेकपा एकीकृत समाजवादीभित्र पछिल्लो समय अध्यक्ष माधवकुमार नेपाल र पूर्वप्रधानमन्त्री एवं पार्टीका सम्मानित नेता झलनाथ खनालबिच परस्पर विरोधी अभिव्यक्ति आइरहेका छन्। नेता खनालले एक टेलिभिजन अन्तर्वार्तामा एमाले पार्टी विभाजन गर्नुको औचित्य पुष्टी गर्न नसकेकाले विभाजन गर्नु गलत भएको बताएका थिए। खनालको यो अभिव्यक्तिप्रति पार्टी अध्यक्ष नेपालले कडा प्रतिक्रिया जनाएका छन्।

खनालले बोलेको साँचो भए पार्टीमा बस्ने ठाउँ नरहेको नेपालले बताएका छन्। विराटनगरमा पत्रकारहरुको प्रश्नमा अध्यक्ष नेपालले झलनाथ खनालसँग राजीनामाको विकल्प बाँकी रहेको बताएका हुन्।

'एमाले विभाजन गलत रहेछ' भन्ने खनालको अभिव्यक्तिप्रति पत्रकारहरूको प्रश्नमा नेपालले यस्तो बताएका हुन्।

'अचेल त एआइको जमाना छ, बोल्दै नबोलेको कुरा पनि आइदिन्छ, स्वर मिलाएर' माधव नेपालले (हाँस्दै) भनेका छन्-'त्यो सत्य हो भने पार्टीबाट बिदा गरिदिनुपर्छ नि। यो पार्टीमा बस्ने ठाउँ नै रहेन नि। नैतिक आधारै छैन।' उनले थपे-'खुरुक्क राजीनामा दिनुपर्छ। बिदा भएर जानुपर्छ।'

खनालले एमाले विभाजन गरेर एकीकृत समाजवादी गठन गर्नुको औचित्य पुष्टि हुन नसकेको बताएका थिए। अन्तर्वार्तामा खनालले भनेका छन्-'जतिबेला यो पार्टी विग्रह वा विभाजन गरियो नि त्यो नै गलत रहेछ भन्ने ठाउँमा पुग्दैछु, म। एमालेमा जुन विद्रोह गरियो त्यो विद्रोह पुष्टि नै भएन अहिलेसम्म। पुष्टि नहुनुको अर्थ गलत गरियो।'



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ साउन १७ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

'मेरा सिङ्गा आँखाहरुले
खालि हेरी मात्र रहँदा रहेछन्
देख्दा रहेनछन् ।'

– ईश्वरवल्लभ

('क्षितिजमा अस्ताउन लागेका
रहेछन्' कविताबाट)

# सोफक्लिजको राजा इडिपसः एक अध्ययन

**प्रा. राजनारायण प्रधान**

*सोफोक्लिज (अनुमानित ४९७ इ.पू.–अनुमानित ४०६ इ.पू.) एक प्रसिद्ध ग्रीक ट्राजिडियन (वियोगान्त लेखक) हुन् । उनले १२० भन्दा धेरै नाटकहरू लेखेको भएता पनि सात पूर्ण र एक अपूर्ण गरी आठवटा नाटक उपलब्ध छन् । 'इडिपस' ग्रीक मिथक हो जसलाई सोफोक्लिजले नाटकको माध्यमबाट पुनर्कथन गरेका थिए ।*

*प्राचिन ग्रीक सभ्यता (एन्टिक्युटी–३००० इ.पू.देखि ५०० इ.पू.सम्मको अवधि)मा ज्ञानका ३ परम्परा प्रचलित थिए । एक, प्रकृतिकेन्द्रित, जसले प्रकृतिको अध्ययनलाई केन्द्रमा राख्थ्यो र नियमको खोजी गर्थ्यो । परमाणुको सिद्धान्तकार डेमोक्रिटस यसका उदाहरण हुन् । दोस्रो, मानवताकेन्द्रीत, जसले मान्छेलाई केन्द्रमा राख्थ्यो । इतिहासका पिता मानिने हेराक्लिटस यसको उदाहरण हुन् । र तेस्रो, दैवकेन्द्रीत, जसले ईश्वरलाई केन्द्रमा राख्थ्यो । दैवीशक्ति केन्द्रीत मिथहरू यसका उदाहरण हुन् । ५०० इ.पू.तिरबाट युरोप मध्य युगमा प्रवेश गर्‍यो । मध्य युगमा प्रकृतिकेन्द्रीत र मानवताकेन्द्रीत ज्ञान परम्परालाई निषेध गरियो । मध्य युग दैवकेन्द्रीत परम्पराबाट ग्रसित भयो । सोफक्लिजको नाटक इडिपस पनि दैवकेन्द्रीत परम्पराबाट ग्रसित छ । यसको आधारभूत वैचारिक सार हो– मान्छे एउटा नियति बोकेर जन्मन्छ । उसका अनेक कोशिसको विपरीत पनि नियति सफल भएरै छाड्छ । मान्छे नियतिको दास हो ।*

*प्रा. राजनारायण प्रधानले 'दश नाटकःएक अध्ययन' पुस्तकमा गर्नुभएको 'इडिपस'को चर्चालाई सामान्य सम्पादन र शीर्षक परिवर्तन सहित पाहुरका पाठकको लागि प्रकाशन गरिएको छ ।*

थिब्सका राजा-रानी लेओस् र जोकास्टालाई देववाणी हुन्छ उनीहरूको भर्खर जन्मेको छोराले कुनै दिन बाबुलाई मार्नेछ र आमालाई बिहे गर्नेछ । यो भविष्यवाणी सुनेर उनीहरू आतंकिकत हुन्छन् र बालकलाई पन्साउने यक्ति गर्छन् । राजाले छोराको खुट्टा फलामले रोपिदिन्छ हिंड्न नसकोस् भनेर अनि एउटा गोठालालाई आदेश दिएर भन्छ त्यस नानीलाई कहीं पर्वततिर लगेर छोडिदिनू जहाँ त्यो चिसोले मरोस् । गोठालाले बालकलाई पर्वततिर लान्छ तर उसको हृदयमा माया जाग्छ र कोरिन्थको एकजना गोठालो साथीलाई भेटेर त्यो बालक दिन्छ । त्यो गोठालो संयोगले कोरिन्थका राजाको नोकर हुन्छ जसले बालक लगेर राजा-रानीलाई दिन्छ । कोरिन्थका राजा-रानी पोलिबस र मेरोपका बाल-बच्चा हुँदैनन् र नानी देखेर उनीहरू प्रफुल्ल हुन्छन् । खुट्टा सुनिएको हुनाले बालकको नाम इडिपस राखिन्छ ।

इडिपस कोरिन्थको राजकुमार भएर हुर्कन्छ । युवक भएपछि उसले कताकता सुन्छ पोलिबस उसको बाबु होइन । यस कुराले इडीपस चिन्तित बन्दछ र डेल्फीमा गएर देववाणीको साँचो अर्थ सुन्न चाहन्छ । तर फेरि अघिकै देववाणी दोहोरिन्छ अर्थात् उसले आफ्ना बाबुलाई मारेर आमालाई बिहे गर्नेछ । पोलिबस र मेरोप नै उसका बाबु-आमा हुन् भन्ने सम्भेर ऊ कोरिन्थ छोडेर हिंड्छ र उनीहरू जीवित रहुञ्जेल त्यहाँ फर्केर नआउने अठोट गर्छ ।

घुम्दै-घुम्दै उ थिब्सतिर जान्छ । बाटामा उसले लेओसलाई उसका नोकर-चाकरहरूसित भेट्छ । केही कुरामा झगडा उठ्दा इडिपसले एकजना नोकरबाहेक सबैलाई मार्छ । थिब्समा त्यस बेला एउटा दैत्यले आतंक मच्चाइरहेको हुन्छ । इडीपसले त्यस दैत्यको पहेलीलाई समाधान गरेपछि त्यो दैत्य स्वयं भस्म हुन्छ । थिब्सवासीहरूले इडिपसलाई महान् पराक्रमी सम्झेर उसैलाई राजा बनाउँछन् । इडिपसले जोकास्टालाई बिहे गर्छ र उसबाट चारजना छोरा-छोरीहरू हुन्छन् ।

इडीपसले केही वर्ष खुब कुशलतासित राज-काज चलाउँछ । तर एकास्सि शहरमा संकट आइपर्छ, एउटा भयानक महामारी चल्न थाल्छ, मानिसहरू भयग्रस्त हुन्छन् । यही पुराण-कथा (मिथ)मा आधारित सोफक्लीजको महान् नाटक 'राजा इडीपस' यहींबाट प्रारम्भ हुन्छ ।

राजदरबारबाट निस्केपछि इडिपसले केही नगरबासीहरूलाई त्यहाँ भेला भएको देख्छ । एउटा पुरोहितले उसलाई भन्छः उसैले हो थिब्सलाई एकपल्ट दैत्यको विनाशबाट बचाएको अब फेरि उसैले थिब्सलाई यस महामारीको संकटबाट बचाउनुपर्छ । यही अनुनय गर्न नगरवासीहरू त्यहाँ भेला भएका हुन् । इडीपसले भन्छ यसको कारण के हो देववाणी सुन्न उसले क्रियोन (जोकास्टाको भाइलाई) डेल्फीमा पठाएको छ । त्यही समय क्रियोन पनि आइपुग्छ र भन्छ देववाणी अनुसार महामारीको कारण के हो भने थिब्स दूषित छ, कलुषित छ किनभने यसको राजा लेओसको हत्यारालाई कुनै दण्ड भएको छैन । हत्यारालाई दण्ड नभएसम्म थिब्सबाट महामारी हट्न सक्दैन । इडिपसले हत्यारालाई खोजेर दण्ड दिने वचन दिन्छ । त्यसबेला के हल्ला घुमेको थियो भने लेओस बाटामा डाँकूहरूद्वारा मारिएको हो । इडिपसले फेरि पनि त्यस हत्यारालाई खोजी निकाल्ने दृढ प्रतिज्ञा गर्छ । उसले भन्छ लेओसले मार्ने मान्छेले उसलाई पनि त मार्न सक्छ । देशको हितको निम्ति पनि त्यो पत्ता लगाउनु उचित छ । ।

'उसो भए फेरि एकपल्ट अन्धकारलाई प्रकाशमा मैले ल्याउनुपर्‍यो ।
अति उपयुक्त यो अपोल्लोले देखाउँछ
तिमीले झैं मृतकको निम्ति यो अनुताप ।
देख्नेछौ तिमीले कसरी म तिम्रो साथ दिंदैछु, जस्तो दिनुपर्छ मैले
यस देश र भगवान्को निम्ति प्रतिशोध लिएर ।
अनि टाढाको मित्रको निम्ति जस्ता नभएर
तर मेरो आफ्नै निम्ति, दुष्टतादेखि उन्मुक्त हुनलाई ।'

कोरसले त्यस महान् संकटबाट थिब्सको उद्धार होस् भनी देवताहरूसित प्रार्थना गर्छ साथै अबको अनुसन्धानले कस्तो परिणति ल्याउने हो भन्ने आशंका व्यक्त गर्छ ।

'यसले बनाउँछ असम्बद्ध मलाई, काँप्दछ मेरो मुटुको जड नै अब स्मरण भयो मलाई, हे चिकित्स तिम्रा शक्ति र आश्चर्य के तिमी श्राप पठाउँछौ कुनै आकस्मिक बादल झैं अथवा बुन्दछौ यसलाई विगतको हलुका सन्ध्यासित ?'

इतिपसद्वारा राजघोषणा गरिन्छ हत्यारा जहाँ छ आएर आत्मसमर्पण गरोस् वा कसैले अपराधीलाई आश्रय दिएको छ भने आएर भनोस् । त्यति बेला नगरका ठालूहरूले टाइरेसिसलाई बोलाएर सोध्नू भन्ने सल्लाह दिन्छन् । टाइरेसिस एउटा बूढो अन्धो भविष्यवक्ता हुन्छ । उसमा भविष्यवाणी गर्ने शक्ति हुन्छ तर उसको सीमा के हुन्छ भने उसले भनेका कुरामा कसैको विश्वास हुँदैन । टाइरेसिसले भन्छ उसलाई यस कुरामा केही ज्ञान छैन र यो कुरा नखोजेको राम्रो । इडीपसले उर्दी सुनाउँछ जानेको कुरा नभन्नु देशको निम्ति घातक कुरा हो । तरै पनि टाइरेसिसले सत्यको उद्घाटन गर्न चाहँदैन । इडिपसले त्यस हत्यामा उसको पनि हात छ भनेर आरोप लगाउँछ । त्यतिबेला टाइरेसिसले भन्छ– अब मैले बोल्नैपर्ने हुनाले म भन्छु त्यो हत्यारा तिमी स्वयं हौ । इडिपस क्रोधले उन्मत्त हुन्छ र भन्छ उसको राजगद्दी छिन्नलाई क्रियोनसित मिलेर उसले चक्रान्त गर्दैछ । उसले टाइरेसिसलाई एउटा झूटो ज्योतिषी भनेर उसको अन्धोपनको खिसी उडाउँछ । टाइरेसिसले भन्छ अहिले उसका आँखा छन् तर उ अन्धो छ तर जब




आँखा खुल्छ तब उसले सत्य कुरा देख्नेछः

'एउटा अन्धो मानिस
जसका अहिले नेत्रद्वय छन्, अकिंचन,
जो अहिले धनाढ्य छ
अनि उ जानेछ लट्ठीले अपरिचित पथ छाम्दै
ती नानीहरूकहाँ जोसित बस्नेछ सँगै
दाजु अनि पिता भएर–उही जसलाई
जन्म दिई उसले, छोरा अनि
पति दुवै, उही जो आएथ्यो
उसका पिताको ओछ्यानमा
उसका पिताको रक्तले भिजेर ।'

क्रियोनले आएर भन्छ इडीपसको विरुद्धमा उसले कुनै षड्यन्त्र गरेको छैन, राजा हुने उसले कुनै अभिलाषा राखेको छैन । इडिपस आवेगमा आएर भन्छ उ केही सुन्न चाहँदैन । जोकास्टा आएर उनीहरूको झगडा मिलाउने कोशिश गर्छिन् । क्रियोन गएपछि इडिपसले जोकास्टालाई जाइरेसिसले अचम्मको आरोप लगाएको कुरा बताउँछ । इडिपसलाई दुःखित देखेर जोकास्टा उसको आशंका हटाउने प्रयत्न गर्छिन् । उनी भन्छिन् धेरै अघि देववाणी के थियो भने लेओस् उसको छोराद्वारा मारिनेछ तर लेओस् त थिब्सबाहिर डाँकूहरूद्वारा मारिउको हो औ त्यस बालकलाई सानै हुँदा पहाडमा लगेर छोडिएको हुनाले त्यहीं नै त्यसको मृत्यु भयो । यसैले उनी भन्छिन् टाइरेसिसको कुरा वा देववाणीमा विश्वास गर्नु व्यर्थ छ ।

तर यो कुरा सुनेर इडिपस झन् आशंकित हुन्छ । थिब्सबाहिर एउटा मान्छे मारेको उसलाई स्मरण हुन्छ । अझ उत्तेजित भएर उ सोध्न थाल्छ लेओस् हेर्दा कस्तो थियो, उसित कतिजना नोकर-चाकर थिए । जोकास्टाले सबै प्रश्नहरूको उत्तर दिन्छिन् र भन्छिन् लेओस्लाई डाँकूहरूले आक्रमण गर्दा एकजना मान्छे बाँचेको थियो र अझ पनि उ जीवित छ । इडिपसले त्यस मान्छेलाई झट्टै बोलाउनू भन्ने आदेश दिन्छ ।

जोकास्टालाई अझ केही कुरा ठीक छैन भन्ने लाग्छ र इडिपसलाई सबै कुरा बताउनू भन्छिन् । इडीपसले भन्छ कसरी उ कोरिन्थमा जन्मेर त्यहाँका राजकुमार भएर हुर्केको हो । एकदिन उसले सुन्छ पोलिब उसको बाबु होइन र डेल्फीमा गएर साँचो कुरा बुझ्न खोज्दा देववाणी हुन्छ उसले आफ्नो बाबुलाई मारेर आमालाई बिहे गर्नेछ । यो सुनेर उ कोरिन्थ छोडेर हिंड्छ र बाटामा एउटा बूढा मानिससित झगडा हुँदा उसलाई रीसको आवेगमा मार्छ । यसरी उ थिब्समा आएको हो । अहिले उसलाई के डर छ भने उसैले लेओस्लाई मारेको हो कि ?

इडिपस साह्रै उत्पीडित हुन्छ । जोकास्टा भन्छिन् उसको आशंकाको कुनै आधार छैन कारण लेओस् त डाँकूहरूद्वारा मारिएको हो । यसैले उनी भन्छिन् यी दिव्यवाणीहरूमा विश्वास गर्नु उचित छैन ।

जोकास्टाले देवीथानमा फूलपाती चढाउँदै देवी-देवताहरूसित नगरवासीहरूको आशंका दूर गरिदिऊन् भनी प्रार्थना गर्छिन् । त्यतिबेला कोरिन्थबाट एकजना सन्देशबाहक आएर पोलिबसको मृत्युको खबर सुनाउँछ र कोरिन्थवासीहरूले इडीपसलाई उनीहरूको नयाँ राजा बनाउनालाई आमन्त्रित गरेको सन्देश दिन्छ । जोकास्टा हर्षले उत्तेजित हुन्छिन् र देववाणीहरू विफल भएकोमा आनन्द व्यक्त गर्छिन्ः

'अहो ईश्वर इच्छाका प्रहेलिकाहरू, कहाँ छौ तिमीहरू यसघरि ?
यही मान्छे हो जोसित इडीपस धेरै अघि
यति डराएर यसरी भागे, उसलाई ध्वंस गर्छ भन्ने डरले
तर प्रारब्ध अर्कै भयो जसद्वारा मृत्यु भयो उसको ।'

इडिपस पनि यो सन्देश सुनेर खुशी हुन्छ र देववाणीहरू विफल भएकोमा हर्ष प्रकट गर्छ । तर अझ पनि मेरोप बाँचुञ्जेल डर राख्नुपर्छ भनेर जोकास्टालाई भन्छ । डरको कारण बुझेर सन्देशवाहकले भन्छ इडिपसले डर मान्ने कुनै कारण छैन किनभने मेरोप र पोलिबस उसका आमा-बाबु होइनन् । उसले भन्छ धेरै वर्षअघि उसले एउटा गोठालाबाट एउटा बालक पाएको थियो र त्यही बालक इडिपस हो । उसले अझ भन्छ यी सबै कुरा त्यही गोठालाले जान्दछ । जोकास्टाले त्यतिबेला सबै कुरा बुझिसकेकी हुन्छिन् र इडीपसलाई अब बेसी नखोज्नू भन्ने आग्रह गर्छिन् । तर इडिपस आफ्नो संकल्पमा दृढ भएर बस्छ र यी सबै कुरा खोजेर पत्ता लगाउने प्रतिज्ञा गर्छ । जोकास्टा राजदरबारतिर रुँदै चिच्याउँदै जान्छिन् ।

आखिरमा गोठालो आइपुग्छ, तर उसले त्यस बालकको विषयमा केही भन्न चाहँदैन । इडीपसले धम्काएपछि गोठालाले भन्छ त्यो बालक लेओस् र जोकास्टाकै छोरो हो । इडीपसले सत्य कुरा बुझ्छ र देववाणी पूरा भएको देख्छ । आफ्नो अपराधको आयतन देखेर उ चित्कार्न थाल्छ ।

'जम्मै भविष्यवाणीहरू ।
अब अहो प्रकाश, अन्तिम समयको निम्ति म हेर्न सकुँ तिमीलाई ।
म इडीपस
इडिपस, जन्मदैको श्रापित विवाहमा श्रापित
आफ्नै हातले बहाएको रक्तमा समेत श्रापित ।'

त्यति नै बेला एउटा नोकर आएर राजदरबारमा घटेको वीभत्स काण्ड सुनाउँछ । उसले भन्छ जोकास्टाले कसरी आलाप-विलाप गर्दै कराउन थाल्छिन् र कोठाभित्र पसेर ढोका बन्द गरिन् । केही बेरमा कसरी इडिपस हातमा तरबार लिएर ढोकातिर गयो र ढोका भत्काएर हेर्दा जोकास्टा झुण्डिरहेको देख्यो । उसले कसरी जोकास्टाको शरीरलाई भूँइमा झार्‍यो र उसको सुनको ब्रुचपीन तानेर त्यसैले आफ्ना दुवै आँखा फोर्‍यो । अनुहारमा रगतको धारा बग्दै गर्दा कसरी उसले अब आफ्नो लाजमर्दो कर्म कहिले नहेर्ने प्रतिज्ञा गर्‍यो । आफ्नो पापमा उ आलाप विलाप गर्द थाल्छः

'भगवान्को प्रेमको निम्ति लुकाऊ मलाई
थिब्सदेखि टाडो कुनै ठाउँमा
अथवा मार मलाई
अथवा फ्याँकिदेऊ समुद्रमा
सदैवको निम्ति मानिसहरूका दृष्टिदेखि टाढा ।'

क्रियोन जो अहिले राजप्रतिनिधि छ, आउँछ र इडिपसलाई सान्तवना दिन्छ । इडिपसले उसित आफूले नराम्रो व्यवहार गरेको सम्झन्छ तर क्रियोनले जो सहृदय व्यक्ति छ जोकास्टाको उचित संस्कार गरिदिने वचन दिन्छ । उसले इडिपसका छोरीहरू इसमेनी र एन्टीगनीलाई बोलाउन पठाउँछ । ती छोरीहरू रुँदै विलाप गर्दै आउँछन् । उनीहरूका शिरमा हात राखेर इडिपसले उनीहरूको सुखी जीवनको कामना गर्छ साथै आफ्नो पापले गर्दा उनीहरू पनि कलुषित छन् भन्ने आशंका व्यक्त गर्छ । क्रियोनसित इडिपसले आफ्नो निर्वासनको माग गर्छ । अन्तमा कोरसले भन्छः

'थिब्सका मानिसहरू हो, इडिपसलाई हेर
यिनै हुन् ती राजा जसले समाधान गरे त्यो प्रख्यात पहेलिका
अनि उच्च भएर उठे, मानिसहरूमा सर्वशक्तिमान्
कुनै मरणशील नेत्रले इर्ष्यालु नभई हेरेनन् यिनलाई
तैपनि अन्तमा विध्वशंले समाप्त गरिदियो यिनलाई ।'

सोफक्लीजको यो महान् नाटक ग्रीक ट्रेजेडीहरूमा सर्वश्रेष्ठ मानिन्छ । उनको नाटकीय प्रतिभा यस नाटकका कार्य, चरित्र विकास, घटनाको तारतम्य, ट्रेजेडीको आवश्यक उद्देश्य-सिद्धिमा प्रत्यक्ष छन् । ग्रीक दर्शकहरू नयाँ कथा सुन्न नाटक हेर्न जाँदैनथे तर परिचित कथाको नयाँ व्याख्या सुन्न जान्थे । प्रायः सबै ग्रीक ट्रेजेडीको कथा प्राचीन पुराण-गाथाबाट लिइएको हुन्थ्यो ।

अब यस त्रास-नाटक सम्बन्धी जुन दुइवटा भ्रान्तिपूर्ण विचारहरू प्रचलित छन्-को विमर्श गरौं । एरिस्टोटल भन्छन् ट्रेजेडीको कार्य त्रास र करुणाको भाव जगाउनु हो । यसर्थ नायक यस्तो हुनुपर्छ जसको कृतित्व देखेर हाम्रो मनमा यी भाव जागृत हुन् । ट्रेजेडीको पात्र सर्वथा निर्दोष र नितान्त सज्जन हुनुहुँदैन । सत्पात्रको समृद्धिदेखि विपत्तिमा पतन देखाएर करुणा वा भय उत्पन हुँदैन । दुष्ट पात्र पनि ट्रेजेडीको निम्ति असङ्गत हुन्छ । दुष्ट पात्रको विपत्तिदेखि सम्पत्तिमा उत्कर्षको चित्रणले हाम्रो नैतिक भावनाको परितोष हुँदैन न त करुणा र त्रासको उद्बोध हुन्छ ।

एरिस्टोटर भन्छन्– 'सत्पात्रको सम्पत्तिबाट विपत्तिमा पतन देखाउनु हुँदैन । यसबाट न करुणा उत्पन्न हुन्छ न भयो । फेरि दुष्ट पात्रको विपत्तिदेखि सम्पत्तिमा उत्कर्षको चित्रण पनि हुनुहुँदैन किनभने ट्रेजेडीको निम्ति यसभन्दा प्रतिकूल स्थिति कुनै पनि छैन । यसमा ट्रेजेडीको कुनै गुण रहँदैन । यसबाट न हाम्रो नैतिक भावनाको परितोष हुन्छ, न करुणा र त्रासको उद्बुद्धि नै । फेरि खल-पात्रको पतन देखाउनु पनि ठीक हुँदैन । यस प्रकारको कथानकबाट हाम्रो नैतिक भावना सन्तुष्ट हुन्छ तर करुणा र त्रासको उद्बोध हुन सक्दैन किनभने करुणा कुनै निर्दोष व्यक्तिको विपत्तिबाट जागृत हुन्छ औ त्रास चाहिं समान पात्रको विपत्तिबाट ।' (बुच्चर– एरिस्टोटल थ्यौरी अफ पोयट्री एण्ड फाइन आर्टस्)

यसैले त्रास-प्रभावको निम्ति नायक अपूर्ण हुनुपर्छ, आफ्नो दुर्गुण वा पापको कारणले होइन तर कुनै कमजोरी वा भूलको कारणले उ दुर्भाग्यको शिकार बन्दछ । अर्थात् उसमा एउटा त्रुटि हुन्छ, एरिस्टोटलको शब्दमा 'हमरतिया' । यसैल इडीपसको दुर्भाग्यको कारण एरिस्सटोटलको मतमा यही 'हमतरिया' छ । अब नीतिवादीहरू इडिपसको चरित्रमा यो महान् त्रुटि खोज्न थाल्छन् । 'हमरतिया'को धेरैले विभिन्न अर्थ लाएका छन्– चारित्रिक दोष, बौद्धिक दोष अथवा भूल निर्णयको दोष आदि ।

इडीपसको त्यो महान् त्रुटि के थियो त ? एकथरी भन्छन् उसमा दम्भ थियो, हेर्नास् उसले कसरी टाइरेसिस र क्रियोनसित बरताव गर्‍यो । यही दम्भको कारणले उसको पतन भएको हो । उनीहरू भन्छन् उसको दम्भ यहाँसम्म थियो कि उसले देववाणीको सत्यमा पनि शंका गर्‍यो तर के सोफक्लीजले इडिपसलाई असत् पात्र देखाउन चाहेका छन् ? नाटकमा कुनै पात्रले त्यसो भन्दैन । जब दुर्घटना घट्छ कुनै पात्रले भन्दैन– अहा ! यो हुनैपर्नेथ्यो कारण यो तिम्रो दोष थियो ।' बरु प्रारम्भमै पुरोहितले भन्छ उ महान् छ, श्रेष्ठ व्यक्ति छ जसले थिब्सलाई दैत्यको विनाशबाट बचाएको छ । कोरसले पनि यही मत प्रकट गर्छ । एरिस्टोटलको 'हमरतिया'को अभिप्राय चारित्रिक पतन वा नैतिक दोष होइन । 'हमरितया'को अभिप्राय जस्तो बाइवाटर भन्छन् यस्तो त्रुटि हो जुन तथ्य वा परिस्थितिको अज्ञानताबाट उत्पन्न हुन्छ । यसैले उ पाप र दौर्जन्यबाट मुक्त छ । यसरी गल्ती कार्य गरेर नायकले जब पश्चाताप गर्छ तब हाम्रो मनमा करुणाको भाव सञ्चार गर्दैन । जानी-जानी गरेको भए उ अमानवीय दैत्य हुनेथ्यो । पापको फल पाउने पात्रले हाम्रो हृदयमा कहिले पनि करुणाका भाव सृष्टि गर्दैन । यसैले इडिपसको 'हमरतिया' उसको क्रोधमा होइन, दम्भमा पनि होइन, उसले अज्ञानमा गरेको जघन्य अपराधमा नै छ ।

अझ एरोस्मीथ के भन्छन् भने इडीपसलाई 'हमरतिया'को पक्षबाट अध्ययन गर्न कठिन छ । उनी भन्छन् इडीपसलाई हेर्‍यौं भने हामी उसको महान् त्रुटि पाउन सक्तैनौं । एरिस्टोटलको आदत लागेको हामी के खोज्छौं भने नायकको प्रकृतिमा वा कार्यमा के छ जसले उसको पीडा यति जघन्य बनाएको छ । साधारण उत्तर के हुन्छ भने उसको क्रोध, क्रियोन र टाइरेसिससित उसको व्यवहार वा भाग्य निवारण गर्ने उसको चेष्टा । तर यी सबै उत्तर सन्तोषप्रद छैनन्, यदि सन्तोषप्रद छन् भने पनि ईश्वर न्यायी देखिंदैन किनभने यस्ता भूलको निम्ति नायक यति भयानक प्रकारले दण्डित छ । उनको मतमा इडिपसको सबभन्दा मुख्य कुरा के छ भने उसको महान् त्रुटि होइन, तर उसले तैयार भाग्य स्वीकार गर्न चाहेको छैन, उसले आफ्नै भाग्य चाहन्छ, देवताहरूको होइन ।

अर्को धारणा के छ भने राजा इडिपस एउटा नियतिवादी नाटक हो अर्थात् नाटकले के देखाउँछ भने मान्छेको स्वतन्त्र इच्छा छैन, उ केवल देवताहरूका हातको कठपुतली हो । मान्छे देवताहरूको खेलौना हो, जसरी चाहे खेलाउन सक्छन् ।

» ***बाँकी ३ पेजमा***

कविता

## भ्यागुताको बिहे

**विप्लव ढकाल**

हतार छ मलाई आज
भ्यागुताको बिहेमा जन्त जानु छ !
...
सिमसारमा बजिरहेको होला नौमती बाजा !
शिरमा बाबरी फूलको मुकुट लगाएर
पाल्कीमा चढिसके होलान् दुलाहा राजा !
जलकुम्भी झारको गुन्द्रीमा बसेर
जुहारी खेलिरहेका होलान् आदिवासी चराहरू !
छमछम बजाउँदै भुइँफूलको पाउजु
उडिसके होलान् लोकन्ती भँवरा !
हिलोमा 'ट्र्यार्र ! ... ट्र्यार्र !!' मङ्गल गीत गाउँदै
सङ्गीतका राजकुमारीहरूले
बोकिसके होलान् सगुनको थाली !
हे गाइने किरा !
अँधेरी खोलामा जानु छ मैले, सिमसारतिर जानु छ
हतार छ मलाई आज
भ्यागुताको बिहेमा जन्त जानु छ !
...
म एउटा बूढो शंखेकिरा
अहिलेसम्म बाटोमै घस्रिरहेको छु !
मेरो वरिपरि बसेर रोइरहेका छन् धानचरीहरू !
बाटो छेकेर उनीहरू प्रश्न गर्छन् मलाई–
'हामीले त रोपेका थियौँ कलकलाउँदो धानको बोट
तर आज खेतमा कसरी फल्यो प्लास्टिकको चामल ?
गोठमा भैँसी दुहुन गएकी थिइन् राजमती
तर आज बाल्टीमा कसरी भरियो कोकाकोलाको झोल ?
काउलीको फूलमा बसेको माहुरी पातमाथि झर्छ किन ?
निधारबाट पसिना खस्दा दुबोको मुना मर्छ किन ?'
हे दमाईं किरा !
गैरी खेतमा जानु छ मैले, तालतलैया जानु छ
हतार छ मलाई आज
भ्यागुताको बिहेमा जन्त जानु छ !
...
बारीभरि लटरम्म फलेका छन् चाउचाउका प्याकेटहरू
जङ्गलमा किन दुश्मनहरू रोइरहेछन् ?
चिम्सा आँखाहरू रोइरहेछन् कतै, चुच्चा नाकहरू रोइरहेछन् !
अङ्गोछा खोलेर रोइरहेछन् कोही, टोपी झिकेर रोइरहेछन् !
उनीहरूको आँसुमा भरिएको छ साइनाइड
उनीहरूको शरीरबाट झरिरहेको छ अजिनोमोतो !
गोजीमा नागरिकता जस्तो सुसाइड नोट बोकेर
सिमाना काटी कहाँ हराए तिनका सन्ततिहरू ?
जलकुम्भीको आहालभित्र– को गर्दै छ भातको राजनीति ?
साइत नबिगार भन्छु– सुन्दै सुन्दैनन् उनीहरू
हे फकिरा !
लेकैको कानेमा जानु छ मैले, औलाको मानेमा जानु छ
हतार छ मलाई आज
भ्यागुताको बिहेमा जन्त जानु छ !

बालप्रतिभा

## मातृभूमि

**अविनाश पाण्डे**

नेपाल हाम्रो देश क्या राम्रो ईश्वरको वरदान
सगरमाथा इज्जत हाम्रो नेपालको यो शान

गौरव लाग्छ सधैँ मलाई यो देशमा जन्मिदा
आशिष दिनेछिन् नेपाल आमाले यो देशलाई केही दिँदा

गण्डकी, कोशी, कर्णाली नदी सलल सदा है
यो देशको इतिहास हाम्रो हितमा रहन्छ सदा है

जातजाति, भाषा र भेष चाडपर्व छन् धेरै
हाम्रो देशको सुन्दरता सबैले हेर है

हिमाल, पहाड, तराई जस्ता भेग यो देशमा
हुन्छन् सधैँ जातजाति यहाँ आ-आफ्नो भेषमा

» *(कक्षा ५ /मणिमुकुन्द सेकेण्डरी स्कुल, कालिकानगर)*

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

# सरकारले एउटा न्यानो ज्याकेट दिए पनि लाउने थियौँ: भेडी गोठाला



ढोरपाटन । अग्लो पहाडको शिरमा पुराना थाङ्नाले बेरिएको गोठ । निलो त्रिपाल र बाँसको चोयाले छाएको छानो । गोठको छेउमा सुरक्षाका लागि पालिएका भोटे कुकुर र वरपर हरेका हजारौँ संख्यामा भेडाका बथान । त्यही भेडाका बथानसँगै भेटिन्छन्, टेकध्वज घतान । पसिनाले निथ्रुक भिजेका शरीरका कपडा । शिरमा मैलिएको टोपी । बुढ्यौलीले चाउरिएका अनुहार । हिजोआज टीकाधारामा पुग्ने जोकोहीले भेट्छ, टेकध्वजलाई । बागलुङको निसीखोला गाउँपालिका-६ का घतान गत जेठ अन्तिम साता टीकाधारा पुगेका थिए ।

झण्डै २०० भेडाका बथान लिएर लेकमा उक्लिएका घतानको दैनिकी बिहान भेडा दुहुने र दिउँसोमा घाँस काट्नमै बित्ने गरेको छ । उनीसँगै रुकुमका सत्यराम विश्वकर्मा, रोल्पाका तीर्थबहादुर घर्तीसहित सात जनाको समूह त्यही गोठमा बस्छन् । सात जनाको झण्डै पाँच हजार भेडाले टीकाधाराको खर्कहरू ढपक्क ढाकिएका छन् । सबै एउटै गोठमा बस्ने हुँदा पालैपालो घाँस काट्ने र भेडा चराउन जाने गर्छन् । टेकध्वजले यसरी लेकमा बसेर भेडा पाल्न थालेको ५० वर्षभन्दा बढी भयो । ६४ वर्षीय घतान सानैदेखि गोठमा बस्दै आएका थिए ।

उमेरले बुढ्यौली लागे पनि घतान अझै हट्टाकट्टा नै छन् । समुद्री सतहबाट चार हजार २०० मिटरको उचाइमा अझै पनि उत्साहका साथ उनले काम गर्छन् । धेरै भेडा हुँदा हिउँदमा बैंसी र बर्खामा लेक उक्लिनुपर्छ । बाह्रै महिना एउटै ठाउँमा राखेर भेडालाई घाँस पुर्‍याउन नसकिने हुँदा लेकबैंसी गर्नुपर्ने बाध्यता छ । टीकाधारा बुकीपाटन क्षेत्र हो । यहाँ अरु पनि थुप्रै गोठाला बस्छन् । लेकमा बढी चिसो हुने हुँदा गर्मीयाममा पनि बाक्लो कपडा लगाएर बस्नुपर्ने अवस्था छ । पाँच दशक बढी समय भेडापालनमा खर्चिए पनि अहिलेसम्म कतैबाट अनुदान पाउन नसकेको घतानले गुनासो गरे ।

उनले भने-"यस्तो जाडो छ, सरकारले गोठालालाई एउटा न्यानो ज्याकेट दिए पनि लाउँदा हुन्, गोठको अवस्था यस्तो छ, गतिलो त्रिपाल दिए पनि हुन्थ्यो, बेलाबेलामा आएर कर्मचारीहरूले नाम टिपेर जान्छन्, तर दिने बेला केही पनि दिँदैनन्, समाचारले सरकारले किसानलाई अनुदान दिन्छ भन्छन्, हामीले अहिलेसम्म केही पनि पाएनौँ, बाउबाजेले यही पेसा गरे, हामीहरू पनि यसैमा लागियो अहिलेसम्म यहीबाटै परिवार चलाएका छौँ ।"

बुकीपाटनमा रहेका भेडीगोठ अब असोज लागेपछि मात्रै बैंसी झर्छन् । यतिबेला टीकाधारा क्षेत्रमा बागलुङसँगै रोल्पा, रुकुम, म्याग्दी र डोल्पाबाट गोठालाहरू भेडा लिएर आएका छन् । बुकीपाटनभरि छरिएर रहेका गोठ र त्यहाँ बस्ने गोठालाको आ-आफ्नै कथाव्यथा र पीडा छ । तर उनीहरूको गुनासो भने एउटै छ- सरकारले सहयोग गरेन । रुकुमपूर्वका सत्यराम विश्वकर्माले गोठालाका लागि राज्यले गोठ निर्माणका लागि चाहिने सामग्री दिए पनि आफूहरूका लागि ठूलो टेवा पुग्ने बताए ।

"हाम्रो अघिल्लो पुस्ताले पनि भेडापालन गर्नुभयो, अहिले मैले पनि यही पेसा समाएको छु, अहिले मेरा तीन सयको हाराहारीमा भेडा छन्, गाउँमै बसेर यति धेरै भेडा पाल्न सकिँदैन, ठाउँ-ठाउँमा पुगेर भेडाको स्याहारसुसार गर्नुपर्छ", विश्वकर्माले भने-"एउटा बर्खामा तीनचार ठाउँमा गोठ सारेर बस्नुपर्छ, गोठ बनाउनका लागि एउटा गतिलो त्रिपाल, रातिमा बाल्ने सोलार दिए हुन्थ्यो ।"

बुकीपाटनमा यतिबेला भेडीका बथान र गोठालाको चहलपहल छ । पछिल्लो समय यहाँ आन्तरिक पर्यटकको भीडभाड नै हुने गरेको छ । पर्यटकले भेडाको बथानमा छिरेर दुःख दिने गरेको भेडीगोठाला लेकबहादुर विकले बताए । पर्यटक बथानमा छिरेर नाच्ने र दौडिने गर्दा भेडा भाग्ने गरेको उनको भनाइ छ । "घुम्न आएका पाँच-सात जना एकैपटक भेडाको बथानमा छिरेर नाच्छन्, चिच्याउँछन्, त्यो गर्दा भेडा डराएर टाढाटाढा भाग्छन्, भागेका भेडालाई जम्मा गर्न धेरै समय लाग्छ, यसरी बथानमा नपस्नु भन्दा उल्टै हामीहरूलाई गाली गर्छन् ।"

# जुलाईमा भित्रिए ७० हजार विदेशी पर्यटक



बुटवल । सन् २०२५ को जुलाई महिनामा नेपालले कूल ७० हजार एक सय ९३ जना विदेशी पर्यटकलाई स्वागत गरेको छ । यो संख्या अघिल्लो वर्षको जुलाई महिनाको तुलनामा ८.७ प्रतिशतले बढी हो । नेपाल पर्यटन बोर्डका अनुसार, महामारीपूर्वको अवस्था सन् २०१९ को अप्रिल महिनासँग तुलना गर्दा जुलाई २०२५ मा नेपालले पर्यटक आगमनमा ९९ प्रतिशत रिकभरी गरेको छ । यसले कोभिडपछिको अवरुद्ध पर्यटन क्षेत्रले पुनःलयमा आएको छ ।

सन् २०२५ को जनवरीदेखि जुलाईसम्मको पहिलो सात महिनामा नेपालमा कूल छ लाख ४७ हजार आठ सय ८२ जना विदेशी पर्यटक आगमन भएको छ । जुन महामारीपछिको कुनै पनि वर्षको तुलनामा उच्चतम आगमन हो । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीइओ) दीपकराज जोशीले यो संख्याले नेपालको पर्यटन पुनरुत्थान र विश्वभर फेरि एकचोटि लोकप्रिय गन्तव्यका रूपमा स्थापित हुँदै गएको देखाएको बताए ।

जुलाईमा कूल आगमनमध्ये सबैभन्दा बढी भारतबाट मात्रै २७ हजार एक सय ५२ जना अर्थात् ३८.७ प्रतिशत पर्यटक आएका छन् । दोस्रो स्थानमा चीनबाट छ हजार आठ सय ९० जना (९.८ प्रतिशत), तेस्रोमा अमेरिकाबाट छ हजार छ सय २६ जना (९.४ प्रतिशत), बङ्गलादेशबाट चार हजार चार सय १३ जना (६.३ प्रतिशत) र बेलायतबाट तीन हजार पाँच सय ४७ जना (५.१ प्रतिशत) पर्यटक नेपाल आगमन भएको छ ।

क्षेत्रीय विश्लेषण गर्दा दक्षिण एसियाली मुलुकहरूबाट सबैभन्दा बढी ३३ हजार सात सय ८७ जना (४८.१ प्रतिशत) र छन् अन्य एसियाली मुलुकबाट १३ हजार ५२ जना (१८.६ प्रतिशत), युरोपबाट नौ हजार दुई सय ९२ जना (१३.२ प्रतिशत), अमेरिकाबाट १२ हजार सात सय ७५ जना (११.१ प्रतिशत), ओसिनिया क्षेत्रबाट एक हजार आठ सय सात जना (२.६ प्रतिशत), मध्यपूर्वबाट आठ सय २६ जना (१.२ प्रतिशत), अफ्रिकाबाट तीन सय १८ जना (०.५ प्रतिशत) र अन्य क्षेत्रबाट तीन हजार तीन सय २९ जना (४.७ प्रतिशत) पर्यटक आगमन भएको छ ।

बोर्डका सीईओ जोशीले भने-"भिजिट नेपाल दशकअन्तर्गत सञ्चालन भइरहेका प्रवर्द्धनात्मक कार्यक्रम, निजी क्षेत्रको लगानी प्रवाह र विविध पर्यटकीय उत्पादनहरूले पछिल्लो समय नेपालमा पर्यटक आकर्षण बढेको छ ।"

**सोफक्लिजको**....

मरीस बाउरा भन्छन् देवताहरूको क्रिया राजा इडीपसको प्रमुख अंग छ । इडीपस उनीहरूको शिकार हो । उनीहरूले उसलाई सन्त्रासको जीवन विहित गरेका छन् र उसले त्यो भोग्नैपर्छ । उनीहरूको योजना पूर्ण गर्न उ एउटा साधन छ । उसले बाबुलाई मारेर आमालाई बिहे गर्छ भन्ने देववाणीले उसको निम्ति कुनै विकल्प छोडेको छैन । उसले अज्ञानमै यो काम गर्दछ तर उसले देववाणी पूर्ण गर्नैपर्छ ।

उनी अझ भन्छन् राजा इडिपसले देवताहरूद्वारा एउटा महान् र समृद्ध मानिसको पतन भएको देखाएको छ । यो पतन समुचित छैन, यो दम्भको निम्ति दण्ड होइन न त निर्णय वा चत्रिरको त्रुटिले हो । देवताहरूले आफ्नो शक्ति देखाउँछन् किनभने यो उनीहरूको इच्छा हो ।

तर नाटकमा के देख्छौ भने यहाँ स्वतन्त्र इच्छा कार्यरत छ । इडिपसका विगत कतिपय कार्यहरू भाग्य-निर्धारित छन् तर नाटकमा उनी जे गर्छन् सबै स्वतन्त्र कर्ता भएर गर्छन् । इ.आर.डडस् भन्छन् यहाँ यस्तो व्यक्ति छ जो आफ्नो स्वतन्त्र इच्छाले काम गरिरहेको छ ।

इडिपसलाई महामारीको कारण खोजपत्ता लाउने कुनै बाध्यता थिएन तर जनता र देशको मायाले उनलाई त्यसो गर्न उत्प्रेरित गरेको हो । उनले जब देववाणी सने तरै पनि लेओसूको हत्याको कारण नखोज्न सक्थे तर निष्ठा र न्याय-भावनाले उनलाई प्रेरित गरेको छ । अनिच्छुक गोठालाबाट सत्या निचोरेर निकाल्ने कुनै बाध्यता थिएन तर उनी कुनै भ्रान्ति च्यापेर बाँच्न चाहँदैनन्, भ्रान्तिको अन्तिम पर्दा च्यात्नुछ । टाइरेसिस, जोकास्टा, गोठालो एकपछि एक सबैले रोक्न खोजेका हुन् तर सबै विफल छन् । उनले जीवनको पहेली समाधान गर्नैपर्छ । यसैले उनको पतनको तात्कालिक कारण 'भाग्य' वा 'भगवान्' होइन, कुनै देववाणी छैन उनले सत्यको उद्घाटन गर्नैपर्छ । उनको विनाशको कारण उनकै शक्ति हो, दृढता हो र साहस हो, थिब्स र सत्यप्रति उनको निष्ठा हो । यी सम्पूर्ण कार्यमा हामी उनलाई स्वतन्त्र कर्ताको रूपमा देख्छौं ।

(क्रमश...)

# सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवसमा प्रशिक्षण



बुटवल । नेपाल निजामती कर्मचारी संगठन रुपन्देहीले सहिद मनोज, झपेन्द्र, सुरेन्द्र स्मृति दिवसका अवसरमा शुक्रबार प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । निजामती कर्मचारी संगठनका केन्द्रिय अध्यक्ष भवानी न्यौपाने दाहालले कार्यक्रमको उद्घाटन गरिन् । सोही अवसरमा बोल्दै उनले कर्मचारी आन्दोलनमा सहिदहरुले दिएको योगदानको चर्चा गर्दै ट्रेड युनियनको भूमिका र महत्वबारे स्पष्ट पारिन् ।

संघीय निजामती सेवा ऐनमा रहेका केही बुँदाहरुलाई मिलाएर भए पनि तत्काल ऐन आउने बताइन् । तीन तहलाई नै छुने गरी संघीय निजामती सेवा ऐन आउने उनको भनाइ थियो । लामो समय (कम्तीमा १० वर्ष) एउटै पदमा रहेका कर्मचारीहरुलाई एक श्रेणी वृद्धि हुने गरी ऐन ल्याउन सुझाव दिएको उनले जनाइन् ।

यस्तै कार्यक्रमका प्रशिक्षक त्रिभुवन विश्व विद्यालयका उप-प्राध्यापक वाइपी आचार्यले सूचना प्रविधिः जन अपेक्षा र निजामती सेवासम्बन्धि सहजीकरण गरेका थिए । उनले अहिलेको यूवा पुस्ता नयाँनयाँ प्रविधिसँग जोडिनुपर्ने तथा प्रविधिमैत्री नभई अघि बढ्न नसकिने कुरा औँल्याउँदै अबको युग सूचना र प्रविधिको रहेको बताए ।

कार्यक्रममा निजामती कर्मचारी संगठन रुपन्देहीका अध्यक्ष कमल पराजुलीले संगठनको वार्षिक कार्यक्रमअनुसार प्रशिक्षण कार्यक्रम आयोजना हुने भए पनि स्मृति दिवसका अवसरमा विशेष उत्प्रेरणामूलक कार्यक्रम आयोजना गरिएको बताए । लुम्बिनी प्रदेशका १२ वटा जिल्लामा कार्यसम्पादन मूल्यांकनमा रूपन्देही शाखा उत्कृष्ट शाखा घोषणा भएकोमा उनले साथ र सहयोग गर्ने सबै कर्मचारी सदस्यहरुलाई धन्यवाद व्यक्त गरे ।

कार्यक्रममा नेकपा एमाले रूपन्देहीका अध्यक्ष यज्ञ गैरेले निजामती सेवा ऐन तत्काल आउनुपर्ने बताए । कर्मचारीमुखी ऐन कानुन बनेमा मात्रै सेवा प्रवाहलाई थप शसक्त बनाउन सकिने उनले जनाए ।

कर्मचारी संगठनका केन्द्रीय सदस्य तथा रूपन्देही इञ्चार्ज प्रेमप्रसाद खनालले संघीय निजामती सेवा ऐन समयमा नआउँदा समस्या भएको बताए । प्रतिनिधिसभाबाट पास भएर राष्ट्रियसभामा गएको अबस्थामा केही बुँदा संसोधन गरेर भए पनि तत्काल ऐन ल्याउनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा कर्मचारी संगठन लुम्बिनी प्रदेश सह-इञ्चार्ज नारायणप्रसाद भणडारी, कर्मचारी संगठन नीति अनुसन्धान आयोगका सचिव काशीराम आचार्य, विज्ञान प्रविधि आयोग सदस्य खगराज उपाध्यक्ष, केन्द्रीय सदस्य रमेश पाण्डे, अञ्जली पन्थी, नेकपा एमाले रूपन्देहीका सदस्य तथा पेशागत इञ्चार्ज मेघदेव पन्त, नेकपा एमाले लुम्बिनी प्रदेश कमिटी सदस्य कल्पना थापालगायतको उपस्थिति रहेको थियो ।

निजामती कर्मचारीहरुको हकहितका लागी संघर्षका क्रममा ज्यान गुमाएका खोटाङका मनोज जोशी, पोखराका झपेन्द कार्की तथा मुगुका सुरेन्द्र विकलाई नेपाल सरकारको २०६४ माघ २२ को निर्णयबाट सहिद घोषणा गरिएपछि प्रत्येक वर्ष उनीहरुको स्मृतिमा कर्मचारी संगठनले साताव्यापी रुपमा विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । कर्मचारी संगठन रुपन्देहीमा करिब १ हजार ७ सय कर्मचारीहरु आबद्ध रहेका छन् । कार्यक्रम कर्मचारी संगठन रूपन्देहीका उपाध्यक्ष जीवन पौडेलको स्वागत तथा सचिव पदम थापाको सञ्चालनमा सम्पन्न भएको थियो ।


## कम्पनीको नाम परिवर्तन भएको जानकारी

**तेस्रो पटक प्रकाशित मितिः २०८२।०४।१७**

हाम्रो कम्पनी दर्ता नं. २६७३१९/०७८/०८९ तिलोत्तमा-५, मणिग्राम, रुपन्देहीमा रहेको (मणिग्राम अटो कल्ब प्रा.लि.) को २०७८/०८/२५ गते बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु/व्यहोर्नु पर्ने कर , दायित्व आदि परिवर्तत नामको कम्पनीले सकार्ने/ व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय को मिति २०७८।०८।२५ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन भई यही मिति २०७८।०९।०१ बाट (मणिग्राम अटो क्लव प्रा.लि.) भएको सर्वसाधारणको लागि जानकारी गराउँदछौ ।


## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**नवलपरासी(बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल**

## हाट बजार व्यवस्थापन ठेक्का सम्बन्धी बढाबढ सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८२/०४/०१**
**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/०८**
**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१७**

आ.व. २०८२/०८३ को (२०८२ साउन देखि २०८३ असार मसान्त सम्म) को लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रही ठेक्का नम्बर अनुसारको सिलबन्दी दरभाउपत्र फारम खरिद गरी रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | सूचना/ ठेक्का नं. | हाट बजार लाग्ने स्थान | न्यूनतम अंक रु. (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | चोरमारामा लाग्ने मंगलबार र शनिबारको हाट बजार | २,३०,०००/ | १,०००/- |
| २ | २/२०८२/०८३ | अरुणखोलामा लाग्ने आइतबार र बुधबारको हाट बजार | २,५०,०००/ | १,०००/- |
| ३ | ३/२०८२/०८३ | हर्बस्टारमा लाग्ने हाट बजार, वडा नं १५ | २५,०००/ | १,०००/- |

**शर्तहरुः**

१) सिलबन्दी दरभाउपत्रको यो सूचना प्रकाशित भएको मिति २०८२/०४/१७ गते देखि ७ दिन (मिति २०८२/०४/२३) गते भित्र गत आर्थिक वर्षका लागि नवीकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखित दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सिलबन्दी दरभाउपत्र खरिद शाखाबाट खरिद गर्न सकिने छ ।

२) सिलबन्दी दरभाउपत्र मिति २०८२/०४/२४ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्दा सिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दीवालाको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ । सिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३०००००३००१००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी दरभाउपत्र फारम भरी आएको सिलबन्दी दरभाउपत्रवालाको दस्तखत एवं छाप नभएको र प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफूले कवोल गरेको अंकको एकमुष्ट रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि.चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००००१००१००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कबुलियत गर्न आउनु पर्नेछ ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेस्की/ बेरुजु बांकी हुनेले फर्छ्यौट नगरेसम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन ।

७) दर्ता नभएको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलबन्दी दरभाउपत्रवालाले पालना गर्नु पर्नेछ । हाट बजार कर नगरपालिकाको आर्थिक ऐन,२०८२ बमोजिम हुनेछ ।

९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ्ग खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ढोरपाटन फाँटमा चरिरहेका घोडाः**
बागलुङको ढोरपाटन - ९ स्थित फाटँमा चरिरहेका घोडा। तस्विरः सर्जना कार्की/रासस

# मुख्यमन्त्री आचार्यद्वारा बुटवल भ्यू प्वाइन्ट उद्यान उद्घाटन



बुटवल । लुम्बिनी प्रदेश सरकारद्वारा निर्माण गरिएको बुटवल भ्यू प्वाइन्ट उद्यानको मुख्यमन्त्री चेतनारायण आचार्यले शुक्रबार उद्घाटन गरेका छन् ।

बुटवल उप-महानगरपालिका-१३ अन्तर्गत जितेश्वरी सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा अवस्थित उक्त भ्यू प्वाइन्टलाई जितेश्वरी पाणिनि उद्यानको रूपमा विकास गरिएको हो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले सरकारले पर्यटन प्रवर्धनलाई उच्च प्राथमिकतामा राख्दै योजनाबद्ध ढंगले पूर्वाधार विकास गरिरहेको उल्लेख गरे ।

उनले भने-'पार्क निर्माण गर्न सजिलो लागे पनि यसको दीर्घकालीन सञ्चालन र व्यवस्थापन चुनौतीपूर्ण विषय हो । संरक्षण र सम्वर्द्धनको मुख्य जिम्मेवारी स्थानीय समुदायको हुनुपर्छ । पार्कहरूलाई आयआर्जनको स्रोतका रूपमा रूपान्तरण गर्न सकिन्छ ।'

कार्यक्रममा नेकपा एमाले लुम्बिनी प्रदेशसभा संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठ, स्थानीय जनप्रतिनिधि, समाजसेवी, अगुवा तथा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

सरकारले प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र सामुदायिक सहभागितालाई जोड दिँदै पर्यटन गन्तव्यको विकासमार्फत् स्थानीय अर्थतन्त्र सुदृढ गर्ने उद्देश्य राखेको छ ।

जितेश्वरी पाणिनि उद्यानबाट बुटवल शहर तथा आसपासको मनोरम दृश्यावलोकन गर्न सकिने हुँदा यसले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने अपेक्षा गरिएको छ ।

# विजनेश इन्कुवेशनमा सहभागीलाई रेकर्ड किपिङ



बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीमा सञ्चालन गरिएको विजनेश इन्कुवेशन कार्यक्रमअन्तरगत सहभागीलाई छैठौं मास्टर क्लास र रेकर्ड किपिङसम्बन्धी कोचिङ गरिएको छ ।

संघमा स्थापना गरिएको उद्यम सम्वर्द्धन केन्द्रमा शुक्रबार सञ्चालन गरिएको मास्टर क्लास र रेकर्ड किपिङसम्बन्धी कोचिङमा संघका राजस्व परामर्शदाता सिए हरि लम्साल, सिए विष्णु बेलवासे, सिए विष्णु भण्डारी तथा इम्प्याक्ट हव काठमाडौंका कार्यक्रम अधिकृत केशव ढकालले प्रशिक्षण दिएको बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका कार्यकारी निर्देशक मदनकुमार कार्कीले जानकारी गराए ।

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले नवउद्यमीलाई लक्षित गरेर गत जेठ महिनादेखि विजनेश इन्कुवेशन कार्यक्रम सञ्चालन गरेको छ। नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको सहयोग तथा बुटवल उप-महानगरपालिकाको सहकार्यमा सञ्चालन गरिएको विजनेश इन्कुवेशन कार्यक्रममा १५ जना नवउद्यमी सहभागी छन् ।

विजनेश इन्कुवेशन कार्यक्रमअन्तरगत यस अगाडि ५ वटा मास्टर क्लास तथा प्रत्येक उद्यम तथा व्यवसायको स्वास्थ्य जाँच गरिसकिएको छ । संघले उद्यमशिलता विकासका लागि नवउद्यमीलाई लक्षित गरेर विजनेश इन्कुवेशन कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# पन्ध्र दिनमा २० जनामा डेङ्गु सङ्क्रमण

चितवन । साउन यता यहाँका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये २० जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ । चालु आर्थिक वर्षको १५ दिनमा सो संख्यामा डेङ्गुको सङ्क्रमण देखिएको हो ।

जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत अंशु पोखरेलका अनुसार सात सय ९८ जनाको परीक्षणका क्रममा उनीहरुमा डेङ्गुको सङ्क्रमण देखिएको हो। सङ्क्रमितमध्ये १४ जना चितवनका हुन भने ६ जना जिल्ला बाहिरका रहेका छन् । भरतपुर महानगरपालिकाका- सात, खैरहनी नगरपालिकाका तीन तथा रत्ननगर र कालिका नगरपालिकाका दुई दुई जनामा डेङ्गुको सङ्क्रमण देखिएको हो । सङ्क्रमितमा पाँच पुरुष र नौ महिला रहेका उनले जानकारी दिए ।

वर्षा हुने र घाम लाग्दा लामखुट्टेका लागि अनुकूल वातावरण बन्ने भएकाले विशेष गरी साउन, भदौ र असोजमा डेङ्गुको सङ्क्रमण देखिने गर्दछ। यो रोग एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ। यो लामखुट्टेले प्रायः बिहान र बेलुकाको समयमा टोक्ने जनस्वास्थ्य कार्यालयका प्रमुख दिनेश रुपाखेतीले जानकारी दिए ।

यो लामखुट्टेले प्लाष्टिक, टिनका डब्बा, ड्रम, थोत्रा वा पुराना टायर, गमला, कुलरलगायतमा जम्मा भएको सफा पानी, खुल्ला पानीको ट्याङ्की, आदिमा फूल पार्ने गर्दछ। यो रोग लाग्दा आँखाको गेडी तथा टाउको धेरै दुख्ने, शरीर कट्कटी दुख्ने, जोर्नी, हड्डी तथा मांशपेशी दुख्ने, शरीरमा बिबिरा आउने र रक्तस्राव हुने, उच्च ज्वरो आउने जस्ता लक्षण देखा पर्छ। डेङ्गु ज्वरोबाट बच्ने मुख्य उपाय लामखुट्टेको टोकाइबाट बच्नु हो। यस्तै आफू बस्ने ठाउँ वरिपरि फालिएका खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रम, पुराना टायर आदिमा पानी जम्न दिन हुँदैन ।

**३२ जनामा स्क्रब टाइफस**

सोही अवधिमा जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये ३२ जनामा स्क्रब टाइफसको सङ्क्रमण देखिएको छ । प्रमुख पोखरेलका अनुसार सङ्क्रमितमध्ये २३ जना चितवनका हुन भने नौ जना जिल्ला बाहिरका छन् । स्क्रब टाइफस एक प्रकारको सरुवा रोग हो। जुन मुसामा पाइने माइट (किर्नाजस्तो देखिने कीरो) को टोकाइबाट मानिसमा सर्छ।

यो रोग मानिसबाट मानिसमा सर्दैन। कार्यालय प्रमुख रुपाखेतीका अनुसार स्क्रब टाइफस ओरेन्टिया सुसुगामुसी नामक जीवाणुबाट सर्छ। माइट प्रायः झाडी, खेतबारी, वनजङ्गल, वा घरवरिपरिको फोहर क्षेत्रमा पाइन्छ।

रोग नियन्त्रण गर्न खेतबारी, वनजङ्गल वा घाँस काट्न जाँदा पूरै शरीर ढाक्ने कपडा लगाउन, सकेसम्म जुत्ता प्रयोग गर्न, घाँसबारी वा चउरमा गुन्द्री वा दरी ओछ्याएर मात्र बस्न तथा भूइँमा सुत्न वा बस्न नहुने उनले जानकारी दिए।

रोग लागेका व्यक्तिलाई उच्च ज्वरो (१०४ डिग्री फरेनहाइटभन्दा बढी) आउने, अत्यधिक पसिना आउने, आँखा रातो हुने, झाडापखाला लाग्ने, शरीरका मुख्य अङ्ग प्रभावित हुने, तथा कीराले टोकेको ठाउँमा रातो दाग देखिने तथा पछि कालो दाग बस्छ।

# आफ्नै प्रशासनिक भवनबाट सेवा सुरु



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिकाले ११ करोड ४९ लाख लगतमा निर्मित प्रशासनिक भवनबाट सेवा प्रवाह सुरुआत गरेको छ।

स्थापना भएदेखि हालसम्म स्थानीयवासीको भाडाको घरमा सञ्चालन हुँदै आएको यो गाउँपालिकाले शुक्रबारदेखि औपचारिकरूपमा आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह थालनी गरेको हो।

गाउँपालिका अध्यक्ष उमेशचन्द्र यादवले विशेष पूजा अर्चाना गरी आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह सुरुआत गरेका छन्। आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह भएपछि नागरिकलाई सेवा लिन समेत सहज भएको छ।

यसअघि भाडाको घरबाट सेवा दिँदै आएको गाउँपालिकाले अब आफ्नै स्थायी र व्यवस्थित भवनबाट सेवा दिन सुरुवात गरिएको यादवले बताए।

उनले आफ्नो भवन नहुँदा सेवा प्रवाहमा असहजता हुने गरेको र आफ्नै स्थायी भवनबाट सेवा प्रवाह हुँदा धेरै सहज सेवा प्रवाह अझै जनमैत्री हुने भएको जनाए । यादवले प्रशासनिक भवन गाउँपालिकाको मुख्य पूर्वाधार भएकाले जनप्रतिनिधि आएपछि यसलाई प्रमुख प्राथमिकतामा राखेर निर्माण गरिएको जानकारी दिए।

यसबाट सेवाग्राहीलाई एकै ठाउँमा सबै सेवा लिन सहज हुने भएको छ भने कर्मचारीका लागि पनि काम गर्ने वातावरण थप अनुकुल बनेको छ । प्रशासनिक भवनमा करिब ४० कोठा रहेका छन् ।

स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न

दुई तल्ले भवन १ करोड ८ लाख रुपियाँको लागतमा सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भएको पालिकाका इञ्जिनियर आनन्द यादवले जानकारी दिए । बिरामी जाँच कक्ष, परामर्श कक्ष, सामान्य उपचारका लागि आवश्यक पूर्वाधारलगायतका कक्षहरू व्यवस्थित रूपमा निर्माण गरिएका छन्।

# नौ खानेपानी योजना सञ्चालनमा



नवलपरासी । बर्दघाट सुस्ता पश्चिम नवलपरासीमा आठ वर्षदेखि निर्माणाधीन अवस्थामा रहेका नौ खानेपानी योजना सञ्चालनमा आएका छन् ।

सङ्घीय सरकारको चार आयोजना तथा प्रदेश सरकारको पाँच आयोजना आर्थिक वर्ष २०८१/८२ देखि सञ्चालनमा ल्याइएको नवलपरासी खानेपानी तथा सरसफाइ कार्यालयका प्रमुख प्रकाश न्यौपानेले बताए । उनका अनुसार मुढाहा खानेपानी आयोजना, भगवती मन्दिर खानेपानी आयोजना, वनदेवी खानेपानी आयोजना, कुनुवार खानेपानी योजना र कञ्चनपुर खानेपानी आयोजना लुम्बिनी प्रदेश सरकारले निर्माण गरेको हो ।

यस्तै बर्दघाट-१ पञ्चनगर खानेपानी आयोजना, दाउन्ने देवी खानेपानी आयोजना, सुक्रौली खानेपानी आयोजना तथा छिबनी खानेपानी आयोजना सङ्घीय सरकारको लगानीमा बनेको हो। प्रत्येक नागरिकले स्वच्छ खानेपानी पिउन पाउनुपर्ने उद्देश्यका साथ सङ्घीय सरकार र प्रदेश सरकारले खानेपानी सञ्चालन गर्न रु ११ करोड २४ लाख ७७ हजार विनियोजन गरेकामा रु १० करोड ३७ लाख ९५ हजारको लागतमा निर्माण गरिएका हुन् । ती योजनाबाट एक हजार ५७ घरधुरी लाभान्वित भएका प्रमुख न्यौपानेले बताए।

छिबनी खानेपानी सञ्चालनमा आएपछि दुई सय ३५ धारा जडान गरिएका छिबनी खानेपानी उपभोक्ता समितिका अध्यक्ष रामप्रसाद न्यौपानेले बताए । यस्तै कुनुवार खानेपानी सञ्चालनमा आएपछि ७० धारा जडान गरिएका छन्। धारा जोड्ने काम भइरहेको कुनुवार खानेपानी उपभोक्ता समितिका अध्यक्ष वीरेन्द्र यादवले जानकारी दिए।

# आँखा उपचार केन्द्र निर्माणका लागि आर्थिक सहयोग सङ्कलन

रुकुम पश्चिम। आँखा उपचार केन्द्र सल्ले रुकुम पश्चिमको भवन निर्माणका लागि जग्गा खरिद गर्न रु पाँच लाख ७१ हजार ९४९ सङ्कलन गरिएको छ । रुकुम सर्जिकल आँखा उपचार केन्द्रले जग्गा खरिदका लागि सहयोग आह्वान गरेको थियो ।

सोही आह्वानअनुसार नेत्र ज्योति सङ्घ जिल्ला शाखा रुकुम पश्चिमको खातामा उक्त रकम जम्मा भएको आँखा सर्जिकल सेन्टर प्रमुख धनबहादुर केसीले जानकारी दिए । देश तथा देशबाहिर बस्ने ३४ जना व्यक्तिले सहयोग गरेको उनले बताए ।

केसीका अनुसार भवन निर्माणका लागि मुसिकोट-१ सल्लेमा ५९७ वर्गमिटर जग्गा बैङ्कबाट 'लोन' लिएर खरिद भइसकेको छ। जग्गा खरिद तथा आवश्यक प्रक्रियामा रु १९ लाख खर्च भएकाले सहयोग आह्वान गरिएको उनले जानकारी दिए।

भवन निर्माणका लागि भने सहरी विकास मन्त्रालयबाट रु दुई करोड ८० लाख विनियोजन गरिएको र यसबाट साढे तीन तलाको भवन निर्माण हुने आँखा सर्जिकल सेन्टर प्रमुख केसीले बताए। भवन निर्माण ठेक्का प्रक्रियामार्फत् हुने भएकाले सोहीअनुसार तयारी अन्तिम चरणमा पुगेको जनाइएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com